# संघीयता कार्यान्वयन तथा प्रशासन पुनसंरचनाका लागि विभिन्न मन्त्रालयहरुले हालसम्म सम्पादन गरेको कार्यहरुको सारांश

## (Summary of Stock-taking report)

### १। अर्थ मन्त्रालय

- ११ वटा विधयक तर्जुमा गर्न निर्देशक समिति , कार्यदल र **Task force**गठन भई कार्य भइरहेको ।
- प्राविधिक समिति मार्फत् कर्मचारी समायोजन खाका तयार गरी **MOGA**पठाइएको ।
- **Functional Analysis**भई आएपछि कार्य तिव्रता हुने।

### २। महालेखा नियन्त्रकको कार्यालय

- अध्ययन गर्न समिति गठन भएको।
- संघीय प्रान्तीय र स्थानीय तहका कार्यहरु पहिचान भएको ।
- आर्थिक प्रशासन, संचित कोष संचालन सम्बन्धमा गर्नुपर्ने व्यवस्थाहरु पहिचान गरिएको ।
- कर्मचारी प्रशासन/समायोजन **Line Ministries**को संख्या र स्वरुप बमोजिम निर्धारण हुने।

### ३। आपूर्ति मन्त्रालय

- **O&M**समिति गठन भई कार्य प्रारम्भ भएको ।
- मौजुदा ऐन, नीति एवं नियमहरु पुनरावलोकन कार्य प्रारम्भ भएको।

### ४। उद्योग मन्त्रालय

- ७ वटा प्रदेशमा रहेको उद्योगहरु वितरण अवस्था अध्ययन गरिएको ।
- उद्योग सम्बन्धी संघीय प्रान्तीय र स्थानीय तहका कार्यसूची विभाजन गरिएको ।
- मौजुदा र अपेक्षित जनशक्तिको पहिचान भएको
- कर्मचारी व्यवस्थापनको खाका, तरिका पहिचान गरिएको ।

## ५। कानून, न्यायतथा संसदीय मामिला मन्त्रालय

- १९३ वटा ऐनहरुलाई संविधान अनुरुप बनाउन पेश भएको विधेयक ऐनको रुपमा जारी भएको ।
- ५ वटा विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमती लिई मस्यौदा तयार गरिएको ।
- कर्मचारी समायोजन रव्यवस्थापनको अवधारणा तयारी शुरु गरिएको।कानून निर्माणको सैद्धान्तिक सहमती लिई तयारी अवस्थामा रहेको।
- प्रदेश न्याय सेवा आयोग गठनको अवधारण पत्र तयार पारिएको ।
- संविधान कार्यान्वयन गर्न आवश्यक कानूनको पहिचान, प्राथमिकीकरण, तर्जुमा र मूल्याङ्कन गर्न ७ सदस्यीय निर्देशक समिति गठन भएको ।
- प्रादेशिक उच्च अदालत स्थापना गर्न तयारी गरिएको ।
- १३८ विषयमा बनाउनुपर्ने आवश्यककानून पहिचान गरी कार्य भैरहेको । प्रथम चरण -७१, दोस्रो-३६, तेस्रो-२४ वटा कानुन निर्माण गर्ने गरी प्राथमिकिकरण गरिएको ।
- नेपाल सरकार मन्त्रिपरिषद्को २०७२/९/३ को निर्णयबाट एक विज्ञ समूह नियुक्त गरिएको ।

## ६। कृषि विकास मन्त्रालय

- कृषि तथा खाद्य मन्त्रालय नामाकरण गर्न सिफारिस गरिएको ।
- केन्द्र, प्रदेश र स्थानीय तहसम्म संगठन संरचना, जनशक्ति र कार्य प्रवाह ढाँचा प्रक्षेपण गरिएको ।(१००० वटा स्थानीय निकाय रहने अनुमान गरिएको)

## ७ खानेपानी तथा सरसफाई मन्त्रालय

- **PREPARE** बाट खानेपानी क्षेत्रको कार्यगत विश्लेषण सम्पन्न भएको ।
- प्राविधिक समितिबाट संघीयता कार्यान्वयन तयारी कार्य प्रारम्भ गरिएको ।

८। गृह मन्त्रालय

- **Functional Analysis** सम्पन्न भएको ।
- प्रस्तावित संगठन संरचना र जनशक्ति प्रक्षेपण गरिएको ।

९। जल तथा उर्जा आयोग

- एकिकृत जलस्रोत नीति र कानून नि र्माणको गृहकार्य शुरु भएको , जसका लागि एक समिति गठन भई संघीय संरचनामा जल तथा उर्जा सम्बन्धी कार्यका लागि आवश्यक पुनसंरचनाका लागि गृहकार्य आरम्भ गरिएको।

१०। निर्वाचन आयोग

- आयोगको संरचना केन्द्र , प्रदेश र जिल्ला तह सम्म पु-याउने गरी संगठन संरचना र जनशक्ति प्रक्षेपण गरिएको ।

११। नेपाल ट्रष्टको कार्यालय

- केन्द्रीय/संघीय ट्रष्टकै रुपमा रहने , कुनै ठोस परिवर्तन जरुरी नभएको व्यहोरा लेखी आएको ।

१२। पशुपंक्षी विकास मन्त्रालय

- संघीयता कार्यान्वयनका लागि गरिनुपर्ने अध्ययन एवं तयारीको लागि कार्यगत विश्लेषण गर्न समिति गठन गरी कार्य आरम्भ गरिएको ।

१३। परराष्ट्र मन्त्रालय

- मन्त्रालयको De-concentrated unit प्रदेशस्तरमा रहनु पर्ने सिफारिसका साथ मन्त्रालयको कार्य र प्रदान गरिने सेवाको व्यवस्थापन सुधारका उपायहरु पहिचान गरिएको ।

**१४।युवा तथा खेलकुद मन्त्रालय**

- २ वटा ऐनका केही दफाहरु संशोधन एवंम् परिमार्जन गरिएको । दुईवटा परिषद् नेपाल स्काउट सहित मन्त्रालय रहने भनी पहिचान गरिएको ।

**१५। रक्षा मन्त्रालय**

- रक्षा मन्त्रालय र नेपाली सेनाको सांगठनिक पुनसंरचना अध्ययन गर्न कार्यदल गठन भएको ।
- निर्देशक समितिबाट निर्णय गराउनु पर्ने विषय नभएको भनी लेखी आएको।

**१६। वन तथा भू-संरक्षण मन्त्रालय**

- वन, वातावरण तथा वन्यजन्तु मन्त्रालय नामाकरण गरी सो कार्यक्षेत्र अनुसारको आवश्यक जनशक्ति प्रक्षेपण गरिएको ।
- संघीय र प्रादेशिक मन्त्रालय रहने गरी पहिचान भएको ।

**१७ वाणिज्य मन्त्रालय**

- संघीयता कार्यान्वयन एवम् पुन स्थापना कार्य संचालन गर्न प्राविधिक समिति गठन भएको साथै शासकीय सुधार इकाई पनि गठन गरिएको ।
- प्रत्येक प्रदेशमा वाणिज्य कार्यालय रहनुपर्ने आवश्यकता पहिचान गरिएको ।

**१८।जनसंख्या तथा वातावरण मन्त्रालय**

- संघीयतामा जाँदाको संगठन संरचना मस्यौदा तयार गर्ने कार्य भैरहेको ।

**१९। विज्ञान तथा प्रविधि मन्त्रालय**

- सूचना तथा संचार प्रविधि सम्बन्धी कार्यको लागि संघ देखि स्थानीय तहसम्म संरचना बनाउने सम्बन्धी अध्ययन गरी अवधारणा तयार पारिएको ।

**२०।भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**

- संघीय र प्रादेशिक मन्त्रालय/विभागको संगठन संरचना प्रस्ताव गरिएको ।

२१। **महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय**

- मन्त्रालय र मातहत निकायको पुर्नसंरचना गरी संगठन संरचना तयार गर्ने तरिका सुझाइएको ।

२२। **राष्ट्रिय सतर्कता केन्द्र**

- प्राविधिक समितिबाट प्रारम्भिक प्रतिवेदन तयार भएको।
- संघ र प्रदेश तहमा राष्ट्रिय सतर्कताको कार्यक्षेत्र , संगठन संरचना र जनशक्ति प्रक्षेपण गरिएको ।

२३। **लोक सेवा आयोग**

- लोकसेवा आयोगको संघीय र प्रादेशिक स्वरुप सहित कर्मचारी समायोजन/व्यवस्थापन गर्ने सम्बन्धमा आयोगको धारणा सहित सुझाव सामान्य प्रशासन मन्त्रालय पठाइएको ।
- संघीय संरचना बमोजिमको लोकसेवा आयोग ऐन, २०७२ मस्यौदा तयार गरी पेश भएको ।
- ऐन तर्जुमा गर्न परामर्शदाता नियुक्ति भएको ।

२४।**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

- संघीयता कार्यान्वयन गर्ने संभावित तरिका र योजना तर्जुमा कार्य भैरहेको ।
- धारा २९५ (३) बमोजिमको आयोगको TOR र मापदण्ड तयार गरी आयोगको कार्य सहजीकरण भैरहेको ।
- ५ वटा संवैधानिक आयोग गठन नको विधेयक मस्यौदा तयार गरी कानून न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको ।
- संघीयता कार्यान्वयन सम्बन्धी ऐनहरुको मस्यौदा परिमार्जन गर्न सहजीकरण समिति गठन भै कार्यरत रहेको ।
- प्रदेशहरुमा रहेको Resource Profile तयार गर्ने कार्य भैरहेको ।

- स्थानीय निकायमा कार्यरत जनशक्ति समायोजन प्रकृया अध्ययन भइरहेको ।
- प्रदेश राजधानीमा हुनुपर्ने न्यूनतम मापदण्डका बारेमा अध्ययन गर्न TOR तयार गर्ने कार्य भइरहेको ।
- NNRFC गठन सम्बन्धमा आवश्यक विधेयक तयार गर्न मद्दत पु-याउन वित्तीय हस्तान्तरण सम्बन्धमा परामर्शदाताबाट अध्ययन गराइएको ।
- प्रदेश सभाबाट परित कानून सम्बन्धमा पहिचान गरी समयबद्ध रुपमा मस्यौदा तयार गर्न कार्य योजना तयारी गर्ने कार्य अन्तिम चरणमा रहेको ।

**२५। सहकारी तथा गरिवी निवारण मन्त्रालय**

- संघीयता कार्यान्वयन गर्न प्रादेशिक प्रोफाइल तयार पार्ने कार्य सम्पन्न भएको ।
- प्राविधिक समितिबाट कार्यसूचिको कार्यगत विश्लेषण कार्य अगाडी बढिरहेको ।

**२६। सहरी विकास मन्त्रालय**

- तीन तहकै सरकारमा मन्त्रालयको कार्यक्षेत्र पहिचान गरी संगठनात्मक स्वरुप र जनशक्ति प्रक्षेपण गरिएको ।

**२७ सामान्य प्रशासन मन्त्रालय**

- ५ २ ५ वटा क्षेत्रगत कार्यगत विश्लेषण सम्पन्न भइ प्रतिवेदन तयार भएको । संक्रमणकालीन व्यवस्थापन योजनाको अध्ययन प्रतिवेदन मस्यौदा अन्तिम रुप दिने क्रममा रहेको ।
- नेपालको संविधानको धारा २८५ तथा ३०२ अनुरुप कानुन निर्माण गर्ने क्रममा मस्यौदा तयार भएको ।
- संगठन तथा व्यवस्थापन सर्भेक्षण कार्यविधि मस्यौदा तयारीको चरणमा रहेको ।

**२८।सार्वजनिक खरिद अनुगमन कार्यालय**

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पुनसंरचनामा समेटिनुपर्ने ।

- सार्वजनिक खरिद ऐन नियमावलीमा हुने परिवर्तन परिमार्जन अनुसार यसकार्यालयको कार्यक्षेत्र र संगठन संरचना तय हुने भनी लेखी आएको ।

**२९।सिंचाई मन्त्रालय**

- प्राविधिक समिति गठन भई कार्य प्रारम्भ भएको ।
- पुनसंरचना सम्बन्धी खाका तयार भएको ।

**३०।संस्कृति पर्यटन तथा नागरीक उड्डयन मन्त्रालय**

- कार्यविश्लेषण सम्पन्न भएको ।

**३१। श्रम तथा रोजगार मन्त्रालय**

- मन्त्रालय अन्तर्गत निकायहरुको संघीय स्वरुपको ढाँचा तयार गरिएको ।
- व्यवस्थापन सर्वेक्षण प्रक्रिया शुरु गरिएको ।

**३२। राष्ट्रिय योजना आयोग**

- सार्वजनिक निजी साझेदारी केन्द्र स्थापना गरी कार्य संचालन गर्ने सम्बन्धमा गठन भएको संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण समितिले रा.यो.आ. को सचिवालयको समग्र संरचना समेत अध्ययन गरी रहेको र सो अध्ययन कार्य संघीयता कार्यान्वयन गर्दाको अवस्थालाई ध्यानमा राखेर अगाडी बढाइएको ।
- यस सचिवालय अन्तर्गत केन्द्रीय तथ्याङ्क विभागको विभागीय दरबन्दी संरचना सम्बन्धमा संगठन तथा व्यवस्थापन (O&M) सर्भेक्षणका लागि समिति गठन गिरएको । उक्त समितिले समेत प्रादेशिक संरचना समेत सम्बोधन गर्ने गरी कार्य अगाडी बढाएको ।

**३३। सूचना तथा सञ्चार मन्त्रालय**

- नेपालको संविधान (२०७२), को धारा २८५ र धारा ३०२ को परिधिभित्र रही सोही संविधानमा उल्लेखित विभिन्न अनुसूचीहरुको आधारमा मन्त्रालय र मातहत निकायका सम्वद्ध पदाधिकारी बीच छलफल समेत गरी यस मन्त्रालय र अन्तर्गत निकायहरुको संगठन स्वरुप र कार्यक्षेत्र अनुसार हुने गरी प्रारम्भिक निष्कर्ष निकालिएको ।

**३४ शिक्षा मन्त्रालय**

- शैक्षिक जनशक्ति बिकास केन्द्रका कार्यकारी निर्देशकको संयोजकत्वमा प्राबिधिक समिति गठन भइ कार्य भइरहेको ।
- संबिधान बमोजिम संघ प्रदेश र स्थानिय स्तरमा रहने निकायहरु ति निकायहरुको कार्यक्षेत्र आवश्यक जनशक्तिको पहिचान गरी संगठन संरचना प्रस्तावित गरिएको छ ।